# माटो तथा मल परीक्षण प्रयोगशाला, गण्डकी प्रदेशको परिचय

गण्डकी प्रदेशको कास्की जिल्ला, पोखरामा रहेको माटो तथा मल परीक्षण प्रयोगशाला गण्डकी प्रदेशको एक मात्र माटो जाँच गर्ने प्रदेश स्तरीय प्रयोगशाला हो । विगतमा २०५२ सालमा खैरेनीटार, तनहुँमा क्षेत्रीय माटो परीक्षण प्रयोगशाला भनेर स्थापना भएको थियो जुन पछि पोखरामा स्थानान्तरण भई क्षेत्रीय माटो परीक्षण प्रयोगशाला, पोखरामा रुपान्तरण भयो र हाल संघियताको कार्यान्वयनसँगै यसै संरचनाले माटो तथा मल परीक्षण प्रयोगशाला, गण्डकी प्रदेशको रुप धारणा गरेको छ । माटो तथा मल परीक्षण प्रयोगशाला, पोखराले विगतका दिनहरु देखि नै माटो र मल परीक्षण गर्दै आएको छ जसको लागि प्रयोगशालामा मात्र माटो जाँच नगरी कृषकहरुको घर दैलो मा समेत पुगी यसै प्रयोगशालाका प्राविधिकहरुद्वारा माटो शिविरमार्फत माटो परीक्षण गर्ने गरिएको छ । माटो परीक्षणको नतिजाबाट प्राविधिकहरुले किसानहरुलाई गरेको मलखाद तथा कृषि चुनको सिफारिसको उचित कार्यान्वयन मार्फत कृषकहरु आफ्नो कृषि कार्यको दिगोपना तथा उत्पादनशिलताको प्रभावकारिता बढाउन सफल भएका छन् ।

# उद्देश्य

**प्रयोगशालाका उद्देश्यहरु :**

१ यस प्रयोगशालाको अगुवाईमा आफ्नो कार्य क्षेत्र पर्ने जिल्ला कृषि विकास कार्यालयहरु तथा कृषि कार्यमा संलग्न विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी दिगो रुपमा माटोमा भएको उर्वराशक्तिलाई कायम राख्ने कार्यक्रमहरु सञ्चालन गर्ने,

२ माटो सर्वेक्षण, अध्ययन र विश्लेषणको आधारमा विभिन्न समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु पत्ता लगाई सिफारिस गरी कृषि प्रसार कार्यलाई सहयोग पुऱ्याउने।

३ माटोको नमूनाहरु संकलन, विश्लेषण र नतिजा का आधारमा सन्तुलित रुपमा मलखादको प्रयोग गर्न कृषकहरुलाई सिफारिस गर्ने,

४ माटो परीक्षण शिविरहरु सञ्चालन गरी कृषकहरुको घर दैलोमा पुगी कृषि चुन तथा मलखाद सिफारीस गर्ने तथा माटोको महत्व र अवस्थाका बारेमा जानकारी गराउने,

५ बाली विरुवाहरुलाई थोरै तर नभई नहुने अत्यावश्यक शुक्ष्म तत्वहरुको स्थिति अध्ययनको लागि अनुगमन गर्ने र के कस्ता सुधार गर्न आवश्यक छ पहिचान गरी सुधारात्मक उपायको खोजी गरी कृषक समक्ष पुऱ्याउने,

६ माटोमा आउने विभिन्न किसिमका विकृती, अमिलोपन, क्षारियपन सुधारका लागि कृषि चुन तथा जिप्सम आदि सिफारीस गर्ने,

७ माटोको उर्वराशक्ति वृद्धिका लागि हरियो मल, प्राङ्गारिक मल, गोबरमल, रात्रीमल साथै रासायनिक मलले खेलेको भूमिका बारे कृषकहरुलाई अवगत गराई एकीकृत खाद्यतत्व व्यवस्थापनमा प्रोत्साहन गर्ने,

८ अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा प्राङ्गारिक र रासायनिक मलको विभिन्न परीक्षण प्रदर्शन अन्नबाली, तरकारी र फलफूल खेती आदि बालीमा सञ्चालन गरी प्राप्त तथ्यांकको आधारमा मलखादको सिफारिस गर्ने,

९ माटोको विभिन्न विश्लेषण र अध्ययनको आधारमा जानकारी संकलन गरी समस्यामूलक विषय तथा तत सम्बन्धि अध्ययन तथा प्रविधि प्रसारण जस्ता कार्यक्रम सञ्चालन गर्ने,

१० दिगो रुपमा माटोको उचित व्यवस्थापन गरि वातावरणीय सन्तुलनलाई कायम राखी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने,

११ बजारमा पाईने विभिन्न नाम र ब्राण्डका मलका नमूना संकलन, विश्लेषण र मलमा भएको तत्वको बारेमा कृषकलाई जानकारी दिलाउने,

१२ माटो सम्वन्धि क्षेत्रीय स्तरमा देखा परेका समस्यालाई समाधानको खोजीको लागि क्षेत्रीय स्तरका योजना तर्जुमा गर्ने,

१३ कार्यक्रमको कार्यान्वयनमा सम्वद्ध पक्षहरुलाई सहयोग पुऱ्याउने,अनुगमन गर्ने, मूल्याङ्कन गर्ने आदि कार्यहरु समेत यस माटो तथा मल परीक्षण प्रयोगशालाको उद्देश्य रहेको छ ।

# माटो तथा मल परीक्षण प्रयोगशालाको संगठनात्मक ढाँचा

## माटो तथा मल परीक्षण प्रयोगशालाको संगठनात्मक संरचना

प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
(गण्डकी प्रदेश)

कृषि विकास निर्देशनालय
(गण्डकी प्रदेश)

माटो तथा मल परीक्षण प्रयोगशाला
(गण्डकी प्रदेश,पोखरा,कास्की)

वरिष्ठ माटो विज्ञ
(रा.प. द्वि (प्रा.)

**प्राविधिक फाँट**

माटो विज्ञ(रा.प.तृ. (प्रा.) (२)
प्राविधिक सहायक
(रा.प.अ.प्र.(प्रा.)(३)
नायब प्राविधिक सहायक
(रा.प.अ.द्व.(प्रा.)(१)

**लेखा फाँट**

स—लेखापाल रा.प.अ.द्वि(१)

**प्रशासन फाँट**

सहायक पाचौं (१)
कार्यलय सहयोगी (३)
हलुका सवारी चालक(१)

**प्रयोगशालाको कार्यक्षेत्र :**




दरवन्दी विवरण

| सि.न | स्वीकृत दरवन्दी विवरण | स्वीकृत दरवन्दी संख्या | स्थायी पदपूर्ति संख्या | स्थायी रिक्त संख्या | करारमा पदपुर्ति संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख/ नवौ/दशौं | १ | १ | - | - |
| २ | माटो विज्ञ | २ | २ | - | |
| ३ | प्राविधिक सहायक/ पाचौं | ३ | ३ | - | |
| ४ | नायव प्राविधिक सहायक/चौथो | १ | १ | - | - |
| ५ | स.लेखापाल/चौथो/ लेखा | १ | १ | - | - |
| ६ | पाचौं/प्रशासन | १ | १ | - | - |
| ७ | कार्यालय सहयोगी | २ | १ | - | १ |
| ८ | हलुका सवारी चालक | १ | - | - | १ |

# माटो तथा मल परीक्षण प्रयोगशालामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र. स | कर्मचारीको नाम/थर | स्थायी ठेगाना | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री सुनिल पाण्डे | कास्की | वरिष्ठ माटो विज्ञ | ९८५६०३५१८७ |
| २ | श्री अस्मिता काफ्ले | वालिङ्ग-८, स्याङ्जा | माटो विज्ञ | ९८४६४९०२११ |
| ३ | श्री करिश्मा भुसाल | रेसुङ्गा न.पा.-१, गुल्मी | माटो विज्ञ | ९८६७३६६२५२ |
| ४ | श्रीसरस्वती बास्तोला | मोरङ | अधिकृतस्तर छैठौं (प्राविधिक) | ९८४४६००५४७ |
| ५ | श्री खुबराज बराल | पोखरा-१३ | अधिकृतस्तर छैठौं (प्राविधिक) | ९८४६०३२३७७ |
| ६ | श्री समिक्षा गौतम | शु.न.पा-४, तनहूँ | प्राविधिक सहायक, पाचौं | ९८६५२३९४२५ |
| ७ | श्री सिता बराल ढुङ्गाना | कास्की | अधिकृतस्तर छैठौं (अप्राविधिक) | ९८४६१७२६४० |
| ८ | श्री ठाकुर ढकाल | स्याङ्जा | स.लेखापाल | ९८४०४२२५२६ |
| ९ | श्री रमेश प्रशाद बराल | सिन्धुली | ना.प्रा.स, चौथौ | ९८४४५४३१०५ |
| १० | श्री सदिक्षा पोखरेल | कास्की | प्राविधिक, पाचौं | ९८१९१४८९९३ |
| ११ | श्री बुद्धि बहादुर कार्की | पु.न.पा-स्याङ्जा | कार्यालय सहयोगी | ९८४७६३७७५९ |
| १२ | श्री पार्वती गौतम | कास्की | कार्यालय सहयोगी | ९७०७३३७९७४ |
| १३ | श्री नेत्र बहादुर कुमाल | लेखनाथ, कास्की | हलुका सवारी चालक | ९८०४१९४९०२ |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री कृष्ण गिरी | पोखरा, कास्की | सरसफाई करार | ९८०६६८९१३९ |

| सि.नं. | सञ्चालित क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | कुल विनियोजित बजेट रु हजारमा | कुल खर्च रु हजारमा | मुख्य क्रियाकलापहरु (बाली, जात,परिमाण सहित उल्लेख गर्ने) | हासिल भएका/हुने मुख्य मुख्य उपलब्धिहरु |
|---|---|---|---|---|---|---|---|
| १. | **माटो परीक्षण शिविर संचालन (किटबक्स)** | संख्या | १४ | २८० | ४० | प्रयोगशालामा जाँच गरिएको माटोको नमूना साथसाथै किटबक्स माटो जाँच शिविर र घुम्ती माटो परीक्षण प्रयोगशालाबाट जाँच गरिएको माटोको नमूना पश्चात आएको नतिजा अनुरुप कृषकहरुलाई अम्लिय माटो भएमा कृषि चुन हाल्न सिफारिस गरियो भने माटो व्यवस्थापनका लागी एकीकृत खाद्यतत्व प्रणाली अनुसार सन्तुलित मलखादको मात्रा सिफारिस गरियो। | जम्मा २ ठाउँमा किटबाट माटो परीक्षण शिविर सचालन गरिएको |
| २. | **घुम्ती प्रयोगशाला मार्फत शिविर संचालन (मोबाईल भ्यान)** | पटक | १० | ३०० | २१० | | जम्मा ७ ठाउँमा घुम्ती माटो परीक्षण शिविर सचालन गरिएको |
| ३ | **माटो नमूना विश्लेषण** | नमूना | ५०० | ५० | ४७ | | हालसम्म ४७० नमूना जाँच |
| ४ | **विश्व माटो दिवश** | पटक | १ | १०० | १०० | | मंसिरमा संचालन गरिएको |
| **५** | **माटो परीक्षणका आधारमा कृषि चुन वितरण** | पटक | १ | ३००० | ३००० | | कुल १८ वटा स्थानीय तहमा माटो नतिजा अनुसार आवश्यकता बमोजिम ३८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | टन कृष चुन वितरण कार्य गरिएको |

## नागरिक वडापत्र

| क्र.स. | सेवाको प्रकृति | लाग्ने दस्तुर रु. | लाग्ने समय | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी शाखा फाँट र कार्यकक्ष | कैफियत |
|---|---|---|---|---|---|
| १.माटोको नमुना बिश्लेषण | | | | | |
| क. | पि.एच. | २०।- | २ दिन | प्राविधिक फाँट | |
| ख. | नाइट्रोजन | १००।- | ६ दिन | प्राविधिक फाँट | |
| ग. | फस्फोरस | १३०।- | ६ दिन | प्राविधिक फाँट | |
| घ. | पोटास | १००।- | ६ दिन | प्राविधिक फाँट | |
| ङ. | प्राङ्गारिक पदार्थ | १३०।- | ६ दिन | प्राविधिक फाँट | |
| च. | बोरोन | ५००।- | ६ दिन | प्राविधिक फाँट | |
| छ. | जिंक | ३००।- | ६ दिन | प्राविधिक फाँट | |
| ज. | आइरन | ३००।- | ६ दिन | प्राविधिक फाँट | |
| झ. | कपर | ३००।- | ६ दिन | प्राविधिक फाँट | |
| ञ. | क्याल्सियम, म्याग्नेससियम | १३०।- | ६ दिन | प्राविधिक फाँट | प्रत्येकको |
| २. प्राङ्गारिक मलको बिश्लेषण | | | | | |
| क. | पि.एच. | २०।- | २ दिन | प्राविधिक फाँट | |
| ख. | चिस्यान | ३०।- | ६ दिन | प्राविधिक फाँट | |
| ग. | नाइट्रोजन | ६००।- | १२ दिन | प्राविधिक फाँट | |
| घ. | फस्फोरस | ६००।- | २ दिन | प्राविधिक फाँट | |
| ङ. | पोटास | ५००।- | ६ दिन | प्राविधिक फाँट | |
| च. | प्राङ्गारिक कार्वन | १२०।- | ६ दिन | प्राविधिक फाँट | |
| ३. रासायनिक मलको बिश्लेषण | | | | | |
| क. | नाइट्रोजन | ४००।- | ६ दिन | प्राविधिक फाँट | |
| ख. | फस्फोरस | ६००।- | ६ दिन | प्राविधिक फाँट | |
| ग. | पोटास | ५००।- | ६ दिन | प्राविधिक फाँट | |
| ४. लेखा/प्रशासन सम्बन्धि | | | | | |
| क. | लेखा | | | ठाकुर ढकाल | |
| ख. | प्रशासन | | | सीता बराल | |

**सेवाग्राहीले पूर्याउनुपर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातः**-(क) कृषकको नाम (ख) ठेगाना (ग) जग्गाको किसिम (घ) यस अघि लगाएको बाली विवरण (ङ) नमुनाको तौल ०-५ के.जी. (च) दस्तुर बुझाएको रसिद ।

**नोटः**- १) कृषक आफैले ल्याएको वा कृषि अन्तर्गतका फार्म, केन्द्रहरु वा अन्य सरकारी कार्यालय वा सरकारी स्वामित्वमा रहेका संस्थानहरुबाट आएका नमुना बिश्लेषण शुल्कमा ७५% छुट दिइने छ ।

२) जेष्ठ नागरिक तथा अपांग व्यक्तिले ल्याएको नमुना लाई पहिलो प्राथमिकता दिइने छ

३) लोडसेडिंग ठुला उपकरण मर्मत सम्भार गर्नुपर्दा माटोको नमुना उपयुक्त नभएमा वा अन्य काबु बाहिरको परिस्थिति आएमा तोकिएको समय भित्र जानकारी गराइने छ र क्षतिपुर्ति दिइने छैन ।

**गुनासो सुन्ने पदाधिकारीको पद र नामः**

**वरिष्ठ माटो विज्ञ, श्री सुनिल पाण्डे फोन.नं.-०६१-४५०१८७ मो.नं.-९८५६०३५१८७**

**सूचना अधिकारी :**

**करिश्मा भुसाल (माटो विज्ञ) मो.नं.- ९८५६०५६१८७**